अन्तिम लेखापरीक्षण प्रतिवेदन

वारागाउँ मुक्तिक्षेत्र गाउँपालिका,मुस्ताङ ।

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation
and
the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७

च.नं.: ७७६

मितिः २०७७/३/२५

श्री प्रमुखज्यू,
बारगाँउ मुक्तिक्षेत्र गाँउपालिका,
मुस्ताङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:
च.नं : ७९१ मिति: २०७७।३।२५
श्री प्रमुखज्यू,
वारागाउँ मुक्तिक्षेत्र गाउँपालिका
मुस्ताङ ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय : हामीले वारागाउँ मुक्तिक्षेत्र गाउँपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.६२ लाख १ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.२१ लाख ५ हजार र पेश्कि ३९ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।६।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पृष्ठ १३ (तेह्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीयतहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी : आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाँउ कार्यकारिणी, गाँउपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी : वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्यगल्ति समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्यगल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायबमहालेखापरीक्षक

स्थानीय सञ्चित कोष : आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

आय व्ययको विवरण

२०७५।७६

आय				व्यय		
शीर्षक	प्रस्तावित		वास्तविक आय	शीर्षक	वार्षिक वजेट	खर्च
संघीय सरकार		**१४८५००००००.००**	**१४७२२५८२०.८८**	पारिश्रमिक कर्मचारी	२५,००,०००.००	२१,६१,३४१.००
समानिकरणअनुदान	६,००,००,०००.००		६०००००००.००	पारिश्रमिक पदाधिकारी	४०,००,०००.००	३७,०५,०००.००
सशर्त अनुदान	५८५०००००.००		६२५९८०००.००	पोशाक	१,५०,०००.००	७५,०००.००
अन्य अनुदान	३००००००००.००		२४६२७८२०.८८	स्थानीय भत्ता	५,००,०००.००	४,४७,८७०.००
प्रदेश सरकार		**१,०५,००,०००.००**	**१२४४११७७.००**	महंगी भत्ता	१,५०,०००.००	१,२२,०००.००
समानिकरण अनुदान	१,०५,००,०००.००		१२४४११७७.००	फिल्ड भत्ता	२,००,०००.००	०.००
अन्य अनुदान	.००		०.००	कर्मचारीको बैठक भत्ता	१,००,०००.००	४३,०००.००
राजश्व वाडफाड		९६,८३,०००.००	१८१९०५.२०	कर्मचारी प्रात्साहन तथा पुरस्कार	३,००,०००.००	३७,९५०.००
वन रोयल्टी	१०,०००.००		०.००	अन्य भत्ता	५०,०००.००	०.००
खानी रोयल्टी	२,००,०००.००		०.००	पानी तथा विजुली	१,००,०००.००	९०,६११.००
जलस्रोत रोयल्टी	३,००,०००.००		०.००	संचार महसुल	३,५०,०००.००	२,९७,१५८.००
पर्वतारोहण रोयल्टी	७,००,०००.००		०.००	इन्धन (पदाधिकारी)	३,००,०००.००	१,९९,२९२.००
पदयात्रा रोयल्टी	२०,०००.००		०.००	इन्धन (कार्यालय प्रयोजन)	१,५०,०००.००	१,२३,००८.००
पर्यटन सेवा शुल्क रोयल्टी	६०,००,०००.००		०.००	सवारी साधन मर्मत खर्च	२,५०,०००.००	२,४९,९७५.००
घरजग्गा रजिष्ट्रिशन दस्तुर	२०,०००.००		१८१९०५.२०	बिमा तथा नवीकरण खर्च	१,५०,०००.००	१२,३१२.००
अन्य बाडफाड हुने राजस्व	२४,३३,०००.००		००.००	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	३,००,०००.००	२९,३००.००
आन्तरीक श्रोत		२२५५०००.००	३०८७१२६.९६	मसलन्द तथा कार्यालय सामग्री	८,००,०००.००	७,९६,५७३.००
व्यक्तिगत सम्पत्तीमा लाग्ने वार्षिक कर			.००	इन्धन अन्य प्रयोजन	१,५०,०००.००	१६,१००.००
संस्थागत सम्पतीमा लाग्ने वार्षिक कर			०.००	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	२,००,०००.००	१,८३,०५३.००
भूमिकर,मालपोत	१,००,०००.००		४७३८७२.००	सेवा र परामर्श खर्च	१,००,०००.००	०.००
घरबहाल कर	१,००,०००.००		६३८३६.९६	करार सेवा शुल्क	२०,००,०००.००	१७,८५,२७०.००
वहाल विटौरी कर			०.००	अन्य सेवा शुल्क	५,००,०००.००	०.००
सवारी साधन कर सवारी दर्ता,वार्षिक,सवारी कर तथा पटके सावारी कर	१,००,०००.००		१००५००.००	कर्मचारी तालिम खर्च	२,५०,०००.००	०.००
मनोरन्जन कर	५०,०००.००		४५०००.००	सीप विकास तथा जनचेतना तामि तथा गोष्ठि सम्बन्धी खर्च	१७,००,०००.००	११,१८,३००.००
विज्ञापन कर			०.००	सभा सञ्चालन खर्च	५०००००.००	२,२४,८००.००
व्यवसाय रजिष्टेशन दस्तुर	५,००,०००.००		४२८४००.००	विविध खर्च	१०,००,०००.०	९,०१,९१३.००
अखटेपहरमा लाग्ने कर			०.००	अनुगमन, मूल्याकंन खर्च	६,००,०००.००	२,८४,१६०.००
अन्य कर	५०,०००.००		५५०००.००	भम्रण खर्च	७,००,०००.००	६,९२,०७८.००
कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर	२,००,०००.००		७५१५८.००	प्रदेश सरकार पुजिगत अनुसन्धान तथा परामर्श	३२०००००.००	३१५४३६०.००
कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	३,००,०००.००		२५००००.००	सशर्त अनुदान	६,२५,९८,०००.००	५८८८७५७८.८०
सरकारी सम्पत्तिको विक्रीवाट प्राप्त रकम			०.००	अन्य संस्थालाई अनुदान	२,००,०००.००	२,००,०००.००
अन्य विक्रीबाट प्राप्त रकम			.००	सामाजिक सुरक्षा	८७,४६,०००.००	८७,१५,२००.००
अन्य सेवा शुल्क तथा विक्री			०.००	छात्रवृत्ति	५०,०००.००	.००
परिक्षा शुल्क			०.००	अन्य अनुदान तथा सहायता	९०००००.००	२६०००.००
यातायात क्षेत्रको आम्दानी			०.००	राहात उद्धार तथा औषधी खरिद	१००००००.००	.००
अन्य प्रशासनिक सेवा शुल्क	५०,०००.००		५६२००.००	घर भाडा	४,००,०००.००	३,००,०००.००
पार्किङ्ग शुल्क			९२७५००.००	पदाधिकारी वैठक भत्ता	१,५०,०००.००	४०,२७०.००
नक्सापास दस्तुर			१७५५८.००			
सिफारिस दस्तुर	००		५७३१०.००	पदाधिकारी अन्य सुविधा	३,००,०००.००	.००
व्यक्तिगत घटना दर्ता दस्तुर			११३५०.००	कर्मचारी कल्याण कोष	१,००,०००.००	.००
नाता प्रमाणीत दस्तुर			१००००.००	सार्वजनिक उपयोगिताको सेवा	४०,०००.००	.००
अन्य दस्तुर	८,००,०००.००		४८३५००.००	अन्य सम्पत्तिको संभार	३०००००.००	.००
न्यायिक दण्ड, जरिवाना र जफत	५,०००.००		.००	मेसिनरी औजार	३०००००.००	१४१२५०.००
प्रशासनिक दण्ड, जरिवाना र जफत			३१९४२.००	अन्य कार्यालय सञ्चालन खर्च	१०००००.००	८५००.००
प्रदुषण नियन्त्रण शुल्क			०.००	सरसफाई शुल्क	२०००००.००	०.००
गत वर्षको बैक मौज्दात	२३४८३०५०.६२	२३४८३०५०.६२	२३४८३०५०.६२	सुचना प्रणाली तथा सफ्टवेयर	५०००००.००	४९७२००.००
सामाजिक सुरक्षा			८७४६०००.००	एल जि सि डि पी	३०५०००.००	३०५०००.००
एल जि सि डि पी			३०५०००.००	प्रधानमन्त्री रोजगार कार्यक्रम	३४२०००.००	३२४९१०.००

प्रधानमन्त्री रोजगार कार्यक्रम			३४२०००.००	संसद विकास कोष	७००००००.००	७००००००.००
स्थानीय पुर्वाधार विकास कार्यक्रम			७००००००.००	झोलुङगेपुल क्षेत्रगत कार्यक्रम	२००००००.००	१९८२७००.००
झोलुङगे पुल क्षेत्र विकास			२००००००.००	साझेदारी सडकखण्ड प्रदेश सरकार	४२२७७९८.००	४२२७७९८.००
प्रदेश र स्थानीय साझेदारी सडक			४२२७७९८.००	**पूंजिगत तर्फ :**		
प्रदेश सरकार पुजिगत अनुसन्धान तथा परामर्श खर्च			३२०००००.००	भवन निर्माण	२,७१,५०,०००.००	१,२०,४७,७३६.००
				निर्मित भवनको संरचनात्मक सुधार खर्च	७७,४०,०००.००	७१,४०,०००.००
				फर्निचर तथा फिक्चर्स	३२,७५,०००.००	२९,११,३७७.००
				सवारी साधन	२०००००.००	०.००
				मेशिनरी तथा औजार	१५,५०,०००.००	१२,२७,३३५.००
				सडक तथा पुल निर्माण	७१,१८,०००.००	६२,५०,९४६.००
				खानेपानी संरचना निर्माण	५५,००,०००.००	४५,८६,१०९.००
				सरसफाई संरचना निर्माण	५२,००,०००.००	४६,००,०००.००
				अन्य सार्वजनिक निर्माण	१,७३,५०,०००.००	१,५१,०४,३९४.००
				पुजीगत सुधार खर्च सार्वजनिक निर्माण	१,१५,६५,०००.००	४१,९५,७७९.००
				पूजीगत अनुसन्धान तथा परामर्श	३०,००,०००.००	९,९०,९५७.००
				कृषि विकास कार्यक्रम तर्फ	५००००००.००	३४७१९२७.००
				शिक्षा तर्फ	२६५००००.००	२३५७२००.००
				स्वास्थ्य तर्फ	३७३५०००.००	१९४६१५५.००
				आयुर्वेद तर्फ	४६५०००.००	४६४८००.००
				पशु विकास तर्फ	१००००००.००	८१४११२.००
				को ले नि का फिर्ता		२४,२६,४९८.००
				वैक वाकी		४०८८९४६९.६६
				जम्मा	**२१४०३९२९८.००**	**२१०८३१६२५.४६**
				सशर्त को ले नि का फिर्ता वाकी		१३,४९,११३.२०
				प्रदेश पुजिगत फिर्ता वाकी		४५६४०.००
				कर कट्टी दाखिला वाकी		१३५००.००
जम्मा		**१९४४२१०५०.६२**	**२१२२३९८७८.६६**			**२१२२३९८७८.६६**

लेखापरिक्षणको व्योहोरा

दफा नं.	गो.भौ.नं./मिति र व्यहोरा	रकम
१.	**वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार गर्नुपर्दछएवं प्रचलित कानुन पालना गरीएको छभन्ने कुरामा विश्वस्त हुनुपर्ने र सोहि नियमावलीको नियम ५ बमोजिम कामको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी प्रचलित कानुनमा व्यवस्था भएका प्रावधानहरुको पालना हुनुपर्दछ ।यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो : • वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८) • जिन्सी मालसमानको लिलाम/मर्मत नभएको • निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको, • राजश्वको लागत तयार नगरेको, • वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको, • योजना छनौट भए तापनि सम्झौता भई कार्यान्वयनमा नल्याएको, • वितरणमूखी कार्यक्रमलाई वढवा दिएको, • पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको, • स-साना योजनालाई प्राथमिकतामा राखेको, • कोषहरुको कार्यविधि कानून नबनाएको,	

- उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,
- मर्मत कोषको कार्यविधि नबनाएको ,
- संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको,
- प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको,
- कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको,
- राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको,
- राजश्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,
- तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको,
- प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,
- विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडि नवढाएको,
- अवकास कोष सम्वन्धी कानूनी व्यवस्था पालना नगरेको,
- आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको,
- एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको,
- लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको ।
- नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ । वित्तीय जवाफदेहिता सम्वन्धी सूचकांक यसै साथ संलग्न छ ।

आर्थिक विवरणको परीक्षण : आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

२. **बैंक मौज्दात भिडान नभएको –** गाउँ कार्यपालिकाको नगद तथा बैंक मौज्दातमा उल्लेखित विवरण र बैंक मौज्दात अनुसार प्राप्त विवरणमा फरक देखिएको

खाताको नाम	श्रेस्ता अनुसार मौज्दात	बैक अनुसार मौज्दात	फरक रकम रु.
ग-२.२ पुजिगत खाता	२५४०७९६	२५४०७९६	०
मूल संचित कोष खाता	३९२०७७५८.६६	३९२०७७५८.६६	०
ग-२.१ चालु खर्च खाता	५४९१६८.२	७८५९१५.२०	२३६७४७ चेक साटन बाकी
जम्मा:	४२२९७७२२.८६	४२५३४४६९.८६	२३६७४७

३. **आय व्यय विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ बमोजिम स्थानीय तहले नेपाल सरकारले निर्धारण गरेबमोजिम आय व्ययको हिसाव राख्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यमा मौज्दात देखाएको रु २३६७४७ सम्बन्धमा बैंक स्टेटमेन्ट पेश हुन नआएको तथा आर्थिक वर्षको अन्त्यमा काटिएका चेकको अवस्था खुल्ने गरी बैंक हिसाब समायोजन विवरण तयार नगरेका कारण गाउँपालिकाले पेश गरेको आय व्यय विवरणको यथार्थतामा आश्वस्त हुन सकिएन ।

४. **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकामा आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

- आन्तरिक आय संकलनका लागि वितरण गरिएका रसिद के कति प्रयोगमा आए र सो को दाखिला समयमा भयो भएन भन्ने सम्बन्धमा गाउँपालिकामा अन्यौल छ ।
- समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।
- खरिद गरिएका सामाग्रीको जिन्सी दाखिला बेगर खर्च गरेको वा अभिलेख राखेको छैन । मूल

	जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामग्रीको एकिकृत अभिलेख तयार भएको छैन । साथै, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन । ▪ उपभोक्ता समितिमार्फत गरेका अधिकांश तथा कार्यालयतर्फका कतिपय कारोबार मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको छ । ▪ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन । ▪ चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरेको छैन । ▪ सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको छैन । ▪ भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखेको पाइएन । भ्रमणमा जाने पदाधिकारी एवं कर्मचारीबाट बाट भ्रमण प्रतिवेदन लिने गरेको समेत देखिएन । ▪ कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन	
५.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७७(२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले आफ्नो वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । आन्तरिक लेखापरीक्षणबाट आय तथा व्यय र त्यसको लेखाकंन प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया अनुरुप गरे वा नगरेको वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रुपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लक्ष्य प्राप्ति गरे वा नगरेको वित्तीय प्रतिवेदनले आर्थिक कारोवारको सही यर्थाथ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी गरे वा नगरेकोजस्ता विषयमा जानकारी हुने कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षणका लागि जनशक्ति तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी रुपमा आन्तरिक लेखापरीक्षणको माध्यमबाट आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्ने देखिन्छ ।	
६.	**न्याय सम्पादन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ मा व्यवस्था भएको न्यायिक समितिमा यो वर्ष विवादको निरुपणार्थ निबेदन दर्ता भएको छैन ।	
७.	**दरबन्दी तथा पदपूर्ति स्थिति–** स्थानीय सरकार सञ्चालन ऐन तथा सेवा प्रवाहको लागि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम कर्मचारी समयोजन नभएसम्म कर्मचारीको व्यवस्था गर्न र सेवा प्रवाहको लागि सरकारी सेवाका कर्मचारीलाई कामकाजमा खटाउनको लागि तथा गाउँपालिकको कार्य जिम्मेवारिमा परेका विषयमा नेपाल सरकारका निकायमा सम्पत्ति, दायित्व समेत गाउँपालिकामा हस्तान्तरण गर्न नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४।१२।१८ निर्णयबाट स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ स्वीकृत भएको छ । गाउँपालिकामा २९ अस्थायी दरबन्दी स्वीकृत भएकोमा हाल एक जना इन्जिनियर, एकशिक्षा अधिकृत, , एक सामान्य प्रशासन अधिकृत, एक सामान्य प्रशासन सहायक, एक कम्प्यूटर अपरेटर, एक हे.अ., एक सव इन्जिनियर, एक सहायक महिला विकास निरीक्षक र एक खा.पा.स.टे.गरी ९ कर्मचारीको मात्र पदपूर्ति भई हाल २० दरबन्दी पदपूर्ति नभएको अवस्था छ । अतः गाउँपालिकाले आवश्यक दरबन्दी पदपूर्ति गरी स्थानीय सेवा प्रवाह तथा विकास, निर्माणका गतिविधिलाई व्यवस्थित र प्रभावकारी बनाउन समयमै ध्यान दिनुपर्ने देखिन्छ ।	
८.	**आय र व्ययको यथार्थता :** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले कार्यालयको बजेट प्रक्षेपण गर्दा वास्तविक आम्दानी तथा खर्चसँग मेल खानेगरी तर्जुमा गर्नुपर्नेमा बजेट प्रक्षेपण र वास्तविकतामा निम्नानुसार फरक परेको देखिन्छ । गाउँपालिकाले बजेट प्रक्षेपण	

गर्दा यथार्थ आय र व्ययसँग मिल्ने गरी प्रक्षेपण गर्न ध्यान दिनुपर्दछ ।

सि.नं.	व्यहोरा	बजेट प्रक्षेपण	यथार्थ रकम	फरक रकम	फरक प्रतिशत
१	आन्तरिक कर तथा आय	२२५५०००।००	३०८७१२६।९६	८३२१२६.९६	३६.९०
२.	संघीय सरकार अनुदान	१४,८५,००,०००।	१४७२२५८२०।८८	-१२७४१७९.१२	-.८५८
३.	राजश्व बाडफाँड	९६८३०००।००	१८१९०५।२०	९५०१०९४.८	९८.१२

९. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ६.३ गाँउपालिका कायम हुँदा सो भित्र गाभिएका साविकको गाँउ विकास समिति त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वत हस्तान्तरण भई सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र गाउँपालिकाले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका अर्न्तगत साविकका गा.वि.स.हरु जोमसोम र मार्फा गा.वि.स.बाट घर जग्गाको लगत तथा जिन्सी सामाग्री गाउँपालिकाले प्राप्त गरेको वा हस्तान्तरण भै आएको देखिएन ।साविकका गा.वि.स.मा रहेको सम्पत्ति एवं जिन्सी खोजी गरी गाउँपालिकाको सम्पत्ति अद्यावधिक गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ ।

१०. **विविध कोष सञ्चालन र परिचालन :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिकको दफा ५.९ ले ग-५ समूहको विशेष कोष खाता गाउँपालिकाले खोल्न सक्ने व्यवस्था छ । साथै विशेष कोष खाताहरुको कोष परिचालनलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने व्यवस्था छ । गाउँपालिका अर्न्तगत देहाय बमोजिमको विशेष कोष रहेका छन् । कार्यविधि अभावले विशेष कोषमा रहेको रकम उपयोग नभएको देखियो । तसर्थ कार्यविधि बनाई विशेष कोषहरुतोकिएको प्रयोजनमा खर्च गर्नु पर्ने देखिन्छ

सि.नं.	कोषको नाम	सम्बद्ध कानून	मौज्दात रकम
१.	विपद व्यवस्थापन कोष	खाता र कार्यविधि नभएको	०.००
२.	मर्मत संभार कोष	खाता र कार्यविधि नभएको	.००
३.	समपूरक कोष	खाता र कार्यविधि नभएको	२३००००.००
४	कर्मचारी कल्याण कोष	हाल सम्म खाता नखोलिएको	१०००००.०
	जम्मा :		**३,३०,०००**

११. **सेवा प्रवाह** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ८७ वटा, मृत्यु दर्ता ३९ वटा र बसाई सराई ६ वटा सिफारिश तथा दर्ता गरेको देखियो । गाउँपालिकाले गरेको नागरिकता सिफारिश, नाता प्रमाणित र पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा कुनै अभिलेख नराखेको पाईयो । गाउँपालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

१२. **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँउपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही भएको छैन । त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । घर जग्गा मुल्यांकन गर्ने वैज्ञानिक प्रणालीको अवलम्बन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरीनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाएको मुल्यांकन प्रतिवेदन यथार्थफरक नभै हचुवाको भरमा लेख्ने गरेको पाईएकोले सोमा सुधार हुनुपर्दछ ।

१३. **श्रोत नखुलाई कार्यकम छनौट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट

	सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१४.	**वार्षिक कार्यक्रम तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम २ र नियम २५ को उपनियम (१) बमोजिम कार्यालयबाट पेश भएको प्रगति विवरण पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले तोकिएको ढाँचा अनुरुप प्रत्येक कार्यक्रमको भौतिक र वित्तीय प्रगति प्रगति देखिने गरी प्रगति प्रतिवेदन तयार गरेको पाइएन । अतः वार्षिक कार्यक्रम अनुसार भौतिक र वित्तिय प्रगति देखिने प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ ।	
१५.	**चौमासिक खर्च व्यवस्थापन :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था भए मुताबिक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो अनुसार कार्यक्रम संचालन गरी खर्च गर्न सकेको देखिएन ।पूँजीगत कार्यक्रमतर्फ अधिकांश कार्यक्रम/योजना तेश्रो चौमासिकमा संचालन भई खर्च भएको देखिन्छ । । पूजिँगततर्फ रु.८,२३,५९,२०४।- खर्च भएकोमा आषाढ महिनामा मात्र रु. ३ करोड ९९ लाख २४ हजार १ सय १६ मात्र खर्च भई कूल पूँजीगत खर्चको ४८.४७ प्रतिशत खर्च भएको छ । अतः कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम संचालनहुनुपर्दछ ।	
१६.	**बिमा नगराएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाखभन्दा बढिको निर्माण कार्य गर्दा मेशीन औजार वा प्लान्ट लगाएतको विमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिमार्फत गराएका १० लाखभन्दा बढिका निर्माण कार्यको विमा गराएको छैन । निर्माण कार्यमा संलग्न हुने श्रमिक, प्राविधिक तथा मालसामानको सुरक्षाको लागि उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराउँदा सम्झौतामा विमाको समेत दफा राखी संम्झौता गरिनु पर्दछ । यस गाउपालिकाले देहायका जोखिमपूर्ण कार्य समेत गरेको पाईएकोले विमाको व्यवस्था गरिनु पर्दछ । जस्तै खिङगा छोर्तेन निर्माण कार्य रु २१ लाख, पुराङ्ग रानीपौवा गुरु पेमा लिङ शौचालय भर्‍याङ रेलिङ वाटो निर्माण रु १६ लाख ,छुसाङ समाजघर निर्माण रु १९ लाख आदि ।	
१७.	**खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा पुंजीगत तर्फका कार्यक्रम गाउंसभावाट स्वीकृत गराई कार्यान्वयन गरेतापनि वार्षिक खरिद योजना तथा गुरुयोजना तयार गरि स्वीकृत गराई कार्यान्वयनमा ल्याएको पाईएन ।	
१८.	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तफ यस गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
१९.	**सार्वजनिक सुनुवाई :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एवं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एवं सार्वजनिक एवं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाउंपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सवै योजनाको सार्वजनिक	

सुनुवाई संचालन गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐन को व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्बजनिक सुनुबाई के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन । जस्तै

भौ.नं. र मिति	विवरण	रकम
९७/७६/३/१८	कागवेनी खानेपानी मर्मत	**२३,००,०००/-**
११५/७६/३/२३	छैङगुर सामुदायिक समाजघर	**३२,००,०००/-**
१३२/७६/३/३१	**झ्फोड** छैङगुरमुक्ति नाथ सम्मको वाटो निर्माण	**४९,७३,८८०/-**

२०. **राजश्व :** आथिंक कार्यविधि ऐन, २०६३ को दफा १३(१) मा जिम्मेवार व्यक्तिले आपनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । तर यस कार्यालयले म.ले.फा. नं. २३, १०८, १०९ नराखेको कारण उठति गरेको राजस्व रु २०,९१,५३२।१६(पार्किङ शुल्क वाहेक) यकिन गर्न सकिएन ।

२१. **निर्माण कार्यको गुणस्तर सम्बन्धमा :** गाउँ कार्यपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । जस्तै केही नमुना उदाहरणहरु

भौ.नं र मिति	विवरण	रकम
९७/७६/३/१८	कागवेनी खानेपानी मर्मत	**२३,००,०००/-**
११५/७६/३/२३	छैङगुर सामुदायिक समाजघर	**३२,००,०००/-**
१३२/७६/३/३१	**झ्फोड** छैङगुरमुक्ति नाथ सम्मको वाटो निर्माण	**४९,७३,८८०/-**

२२. **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्रि, मालपोत, अन्तशुल्क, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।

२३. **सम्पत्ति लेखांकन :** गाउपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाईएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

२४. **स्थानीय तहका पदाधिकारीहरुको सुविधा सम्वन्धी :** नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐनमा भएको व्यवस्था अनुसार वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले पदाधिकारीको पारिश्रमिक स्वरुप रु ३७,०५,०००।०० र ईन्धन वापत रु १,९९,२९२।०० र पोशाक भत्ता रु ३,०९,४८५।०० समेत रु ४२,१३,७७७।०० भुक्तानी दिएको छ । यस गाउपालिकाले पदाधिकारीलाई निम्नानुसारको मासिक पारीश्रमिक भुक्तानी गरेको छ :

विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाध्यक्ष	कार्यपालिका सदस्य	सभाका सदस्य	जम्मा
मासिक सुविधा	३१०००	२६०००	१८०००	९०००	६०००	२६४०००
सञ्चार सुविधा	१५००	१०००	८००	०	०	६५००
वैठक भत्ता	०	०	०	०	०	०
अन्य भत्ता	०	०	०	०	०	०
यातायात खर्च	०	०	०	०	०	०
जम्मा :	३२५००	२७०००	२०८००	९०००	६०००	२८०५००

कानूनमा व्यवस्था नभएको सुविधा बितरण गर्नु नियमित देखिएन ।

२५. **उपभोक्ता समिति दर्ता :** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाइं कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका १०९ वटा योजनाको कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता भएका छैनन् । स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइं हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।

२६. **मेसिनको प्रयोग :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले अधिकांश ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमावलीको मनसाय भएतापनि अधिकांश बाटो निर्माणको काम मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । उपभोक्ता समितिले स्थानीय स्तरमा जनसहभागिता जुटाउन सक्ने श्रमप्रधान कार्यभन्दा बाहिरका कार्य गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । उपभोक्ता संगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईएन । साथै, काम भएको प्रमाणित गर्ने तस्विर र योजनाको जानकारी मूलक सूचना वोर्ड संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ । गाऊ पालिकाले उपभोक्ता समितिसँगको योजनाको रकम भुक्तानी गर्दा बिलभरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात हेरी जांच गरी खर्च लेख्नु पर्नेमा पालिकाले उपभोक्ताले गरेको कामको सवै विल समावेश नहुदा हुदै पनि खर्च लेख्ने गरेको छ । मस्टरोल खर्चको मस्टरोल फाराम राख्ने गरेको पाईएन । खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, मेजरमेण्ट गरेको मिति उललेख गरेको पाइएन । जसले गर्दा निर्माण कार्य समयमा शुरु भई समयमा नै सम्पन्न भयो भएन यकिन गर्न सकिएन । अतः निर्माणसँग सम्वन्धित सम्पुर्ण सूचनाहरु गरी कागजात तयार गर्नुपर्दछ । लागत अनुमान, मूल्यांकन, स्थलगत कार्य सम्पादन र विल भरपाई वास्तविक तुल्याउनेतर्फ गाउपालिका सजग हुनुपर्दछ ।

भौ.नं र मिति	विवरण	रकम
१/७५/६/२४	लुप्रागाउमा खोला नियन्त्रण कार्य	**३,२८,६१५/-**
६८/०७६/३/४	तार्चे देखि लुम्वुक सम्म गोरेटो वाटो निर्माण	**५,००,०००/-**
१३२/७६/३/३१	**फ्जोड** छैङगुरमुक्ति नाथ सम्मको वाटो निर्माण	**४९,७३,८८०/-**

२७. **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा

उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ ।

भौ.नं. र मिति	विवरण	रकम
९७/७६/३/१८	कागवेनी खानेपानी मर्मत र निर्माण	२३,००,०००/-
६६/०७६/३/४	महर तारवार निर्माण कार्य	१२,००,०००/-
१९/७५/१०/२०	फोला माङगा खानेपानी मर्मत	५,००,०००/-
८३/७६/३/१२	खिङगा गाउ खानेपानी मर्मत	५००,०००/-

२८. **निर्माण कार्यको लगत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको १०९ वटा योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाउपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।

२९. **जटिल संरचना निर्माण सम्बन्धमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण, ग्रामीण विद्युतीकरण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

४५।०७६।२।१९ कागवेनी कागखोला पि.सि.सि तटवन्धन कार्य रु.१०,००,०००।- भौ. नं ११२।०७६।३।२३ साईता गाउमा क्याम्पिंग भवन तथा शौचालय निर्माण कार्य रु.१४,५००।- आदी

३०. **लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदनको रकममा समानता :** सार्वजनिक खरिद नियमावली २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नुपर्नेछ भन्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट संचालित १०९ वटा योजनाहरुमा प्राविधिकहरुबाट नाँपजाच भएको अधिकांश निर्माण कार्यहरुको लागत अनुमानसँग समान हुने गरी कार्यसम्पन्न भएको देखाईएको छ । जसबाटस्थलगत रुपमै वास्तविक नाँपजाच भएको हो भनि विश्वस्त हुने आधार भएन । यसरी नाँपजाच गर्ने प्रविधिकलाई जिम्मेवार बनाई निर्माण कार्यमा नियन्त्रण एवं सुधार गर्नुपर्दछ । जस्तै केही उदाहरण

भौ.नं	विवरण	लागत अनुमान	खर्च रकम
१।७६।३।१२	झारकोट विद्यालय छानो मर्मत	१०,००,०००.	१०,००,०००
२।७६।३।२०	सेल्फी डाडा पार्क निर्माण	२५,००,०००.	२५,००,०००.
३।७६।३।२९	सुछाङ्ग समाजघर निर्माण	३५,००,०००.	३५,००,०००

३१. **नर्म्स फरक पारी बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको स्वीकृत नर्म्स अनुसार १:२:४ अनुपातको ढलान (PCC 1:2:4) गर्ने कार्यको लागि अदक्ष कामदार ४ म्यानडेज लाग्ने उल्लेख भएकोमा कार्यालयले विभिन्न संरचना निर्माण गर्ने कार्यको लागत अनुमान तयार गर्दा उक्त आइटमको दर विश्लेषणमा ७ म्यानडेज राखेको पाइयो । जसको कारणबाट प्रति घन मीटर पि.सि.सी. कार्यको लागि अदक्ष कामदारको प्रति म्यानडेज ६३०।- दरले ३ म्यान डेजको रु. १८९०।- थप लागत समावेश गरी लागत अनुमान स्वीकृत भएको छ । सोही लागत अनुमान दर अनुसार नै उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी भएको हुँदा निम्न उपभोत्ता समितिलाई वढि भुक्तानी दिएको छ ।

	क) ११२।०७६।२३ साईता गाउमा क्याम्पीङ भवन तथा शौचालय निर्माण कार्यमा १५.१७ घ.मि को रु.२८,६७१।- बढी भुक्तानी हुन गएको देखिएकोले उक्त रकम असूल हुनुपर्ने रु.	२८,६७१।००
	ख) खिङ्गा छोर्तैन (गुम्वा) निर्माण कार्यमा आईटम नं.२० को फाउन्डेसन पिलरमा ५६.४६ घ.मि रु १,०६,७०९।०० वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्ने	१,०६,७०९।००
	७०४३७३५१५ (अनुसन्धान तथा परामर्श खर्च)	
३२.	**१/०७६/३/२९** जननर्मल आधारभुत विद्यालयको छात्रावास भवन निर्माणस्थल सम्याउने र पर्खाल घेरावार लगाउने कार्यको लागी विद्यालयलाई रु ३१,५४,३६०।०० भुक्तानी दिएकोमा निम्नानुसार देखिएको :	
	(क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रहि तयार गर्नुपर्ने व्यवस्था भएता पनि डेल्टा ईन्जिनीयरिंग कन्सल्टेन्सि वेनीवजारको ७६।३।२८ को विलवाट डि.पि.आर र माष्टरप्लान वनाएको पनि रु ७,००,०००।०० लागत अनुमान विना हचुवाको भरमा सिधै भुक्तानी दिएकोमा सो दिन पाउने आधार प्रमाण नभएका साथै आवश्यकताको पहिचान नै नगरी हचुवाको भरमा डि.पि.आर तयार गरेको अनियमित देखिएको रु	७,००,०००।००
	ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा रु २०,०००।००भन्दा वढिको खरिद गर्दा स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि करमा दर्ता भएको संग मात्र खरिद गर्नुपर्नेमा सो नभएको फर्म डेल्टा ईन्जिनीयरिंग कन्सल्टेन्सि वेनीवजार वाट खरिद गरेको रु ७ लाखका प्रतिवेदन दाखिला नभएको । ग) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार रु ५ लाख भन्दा वढिको लागत अनुमान भएको परामर्श सेवा ऐनको दफा ४० वमोजिम सिलवन्दि दरभाउपत्र लिई खरिद गर्नुपनेमा सो नगरी रु ७ लाखको खरिद सिधै खरिद गरी अनियमित गरेको ।	
३३.	**टुक्रा, टुक्रा :** सार्वजनिक खरिद ऐन २०६३ को दफा (८)२ वमोजिम एउटै प्रकृतिका कार्यहरु गर्दा एक भन्दा वढि टुक्रा पारी काम गर्न नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता वा लाभग्राही समुदायवाट निर्माण काम गराउदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने गरी काम गराउनु पर्ने व्यवस्था छ । तर यस गाउपालिकाले एउटै प्रकृतिका कार्यहरु गर्दा साना प्याकेज वनाई एक भन्दा वढि उपभोक्ता समिति गठन गरी काम गरेको अनियमित रु	१३,००,०००/-

	कामको नाम र ठेगाना	रकम
१	तेताङ गाउँ गोरेटे वाटो	२,००,०००
२	तेताङ गाउँदेखि मोहिला सम्म वाटो	३००,०००
३	तिरी गुम्वा पूर्वाधार	२,००,०००
४	तिरी घट्ट निर्माण	१,००,०००
५	चाण्पेया युवाक्लव भवन निर्माण,छैडगुर	३,५०,०००
६	छैङगुर आमा समुह फर्निचर खरिद	१,५०,०००
		१३,००,०००/-

३४.	**गैह्र सरकारी संस्था छनौट :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा गैर सरकारी संस्थाबाट काम गराउंदा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई सूचना प्रवाह गरी नियम २३३(६) अनुसार योग्य परामर्शदातामध्ये न्यून रकम कबोल गर्ने परामर्शदातालाई स्थानीय निकायले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । झोलुगेपुल निर्माणको परामर्श कार्यका लागि सम्बन्धित पक्षलाई सूचना समेत प्रवाह नगरी कार्यालयले खरिद प्रक्रिया र प्रतिष्पर्धा बेगर झोलुगेपुल निर्माणको परामर्श कार्यमा विगत वर्षदेखि एकै गैर सरकारी संस्थालाई छनौट गर्दै आएको देखियो । गैर सरकारी संस्थाको प्राविधिक क्षमता समेत परीक्षण नगरी विगतको सम्झौताका आधार जनाई म्याद थप गरी यो बर्ष यो जिल्लाले खिङ्गा पुटाक झो.पु.को कुल लागत रकमको ६ प्रतिशतका दरले रु २०९७६९.०० को यस वर्ष ५० प्रतिशत रकम रु १,०४,८८४।५०.खर्च नियमिति नदेखिएको रु–	

गो. भौ. मिति	गैर सरकारी संस्थाको नाम	भुक्तानी रकम
९४/०७६/३/१७	मुस्ताग कल्याण संघ जोमसोम	१,०४,८८४।५०.

१,०४,८८४।५०.

३५. **मोविलाइजेसन पेश्की** : सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५२क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट अग्रीम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था रहेको छ ,सो अनुसार कार्यालयले निर्माण व्यवसायी श्री गीता श्री क्रियटिभ जे भी लाई दिएको पेश्की रु.३९,००,०००/- आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार पेश्की फछ्यौंट गर्नुपर्ने रु.

३९,००,०००।००

३६. **सफ्टवेयर खरिद :** गाउँपालिकाले यस आर्थिक वर्षमा जिन्सी सफ्टवेयर बापत रु २,४८,६००।०० र योजना व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद बापत रु २४८,६००।०० भुक्तानी गरेको छ । साथै, गाउँपालिकाले यसप्रकारका सफ्टवेयर खरिद गर्दा मुल्यको सान्दर्भभिकता, स्थानीय आवश्यकता र खरिद पश्चातको सेवा र शर्त, नविकरणको प्रावधान, सफ्टवेयरको कपिराइट सम्बन्धी व्यवस्था तथा प्रयोग संख्या र अवधि सम्बन्धमा स्पष्ट नभई खरिद गर्ने गरेको पाइएको छ । यसबाट आगामी दिनमा यसप्रकारका सफ्टवेयर प्रयोगमार्फत भैरहेको सेवा अवरुद्ध हुन सक्ने, सफ्टवेयर निर्माणकर्ताको पहुँच र नियन्त्रणमा सरकारी सूचना रहने, सफ्टवेयर निर्माताको शर्तमा रहेर भुक्तानी गर्नुपर्ने अवस्था सिर्जना हुनजान्छ । अत : सफ्टवेयर खरिद गर्दा सो को प्रयोग अवधि, प्रयोग संख्या, नविकरण शुल्क, सेवा र शर्त, परिमार्जनका विधि र प्रक्रिया, सूचनाको सुरक्षा र गोप्यता जस्ता विषयमा स्पष्ट हुनुपर्दछ ।

३७. **शिक्षातर्फ** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ कार्यक्रम कार्यान्वयन मार्गदर्शन (ख) ३ अनुसार स्थानीय तहमा शर्सत अनुदान शीर्षकमा विनियोजन भएको शिक्षक तलव भत्ता तथा शैक्षिक कायकम संचालन अनुदान शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त प्रमाणित तहगत श्रेणीगत शिक्षक संख्या तथा शैक्षिक तथ्यांक २०७४ को आधारमा २०७५ पुष मसान्त भित्र अनूसुची १० अनुसार ढांचामा पठाई शिक्षक तथा कमचारीहरुको लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था भएता पनि यस गाउपालिकाको शिक्षा ईकाई सो गरेको पाइएन ।

३८. निम्न विद्यालयमा Flash Report मा उल्लेखित भन्दा वढी विद्याथी देखाई पुस्तकको मूल्य भुक्तानी लिएकोले उक्त रकम नियमानसार असूल गर्नु पर्ने रु

१०,९१०/-

विद्यालय	Flash Report	भुक्तानी	वढी संख्या	रकम
जनशान्ति मा वि	**१ कक्षा मा १ ० जना**	**१८**	**८ @ २३८.**	**१९०४.**
" "	**७ कक्षा मा ६जना**	**११**	**५ @ ५०२.**	**२५१०.**
" "	**८ कक्षा मा ८ जना**	**१०**	**२ @ ५४२**	**१०८४.**
लुप्रा आ वि	**१ कक्षा मा ५जना**	**१०**	**५ @ २३८.**	**११९०.**
" "	**८ कक्षा मा ७ जना**	**९**	**२ @ ५४२**	**१०८४.**
जन नर्मल आ वि	**१ कक्षा मा ९जना**	**१६**	**७ @ २३८.**	**१६६६.**
	५ कक्षामा ८जना	**१२**	**४ @ ३६८.**	**१४७२.**
			कुल जम्माः	**१०९१०**

३९. **पंजिकरण तथा सामाजिक सुरक्षातर्फ** : गाउंपालिकाले लाभग्राहीको लगत किताव र MIS अभिलेख राखेको देखिएन । साथै गाउंपालिकाले हालसम्म परिचय पत्र समेत वितरण गरेको देखिएन । कार्यविधि अनुसार चौमासिक रुपमा भुक्तानी गर्नुपर्नेमा लाभग्राहीहरुलाई अर्ध वार्षिक रुपमा रु.८८२३२००। भुक्तानी गरेको छ । सामाजिक सुरक्षा भुक्तानी गर्दा जेष्ठ ३१, एकल महिला ९, विधवा ४, अपाङ ५, वालक २, दलित ४ समेत जम्मा ५५ जनालाई गाउंपालिका र वडा मार्फत नगद भुक्तानी गरेकोमा आगामी वर्ष देखि अनिवार्यरुपमा बैक मार्फत मात्र कारोवार गर्न सुझाव दिएको छ ।

४०. सामाजिक सुरक्षा कार्यविधि अनुसार जेष्ठ नागरिक लाभग्राहीहरुलाई निजहरुको मृत्यु पश्चात पनि उक्त रकम भुक्तानी गर्न नमिल्नेमा भुक्तानी भएकोले उक्त रकम असूल गर्नु पर्दछ :

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><th>सि न</th><th>नाम</th><th>मृत्यु</th><th>महिना</th><th>असूल गर्नुपर्ने</th></tr>
<tr><td>१</td><td>सेर्किस गुरुङ वडा १</td><td>२०७५.११.१३</td><td>४@ २०००.</td><td>८०००.</td></tr>
<tr><td>२</td><td>याङजोङ गुरुङ</td><td>२०६७.१०.२</td><td>१२@ २०००</td><td>२४०००.</td></tr>
<tr><td>३</td><td>धेचेन गुरुङ</td><td>२०७५.७.१०</td><td>८@ २०००</td><td>१६०००.</td></tr>
<tr><td>४</td><td>छिन ढोल्का गुरुङ</td><td>२०७६.२.३</td><td>१@ २०००</td><td>२०००.</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा :</td><td>५००००.</td></tr>
</table>
</td>
<td>५०,०००..००</td>
</tr>
<tr>
<td>४१.</td>
<td>यस वर्ष कृषि तथा पशु विकास कार्यक्रम शिर्षकमा रु.१०,००,०००.०० विनियोजन भएकोमा जम्मा रु.८,१४,११२।०० खर्च भएको श्रेस्ताले देखाएको छ । गाउपालिकाले अनुदान प्राप्त गर्ने लाभग्रही हरुको अभिलेख विवरण अद्यावधिक गरेको पाईएन । यो वर्ष भरी सञ्चालन भएको कार्यक्रमको अवस्था के कस्तो रह्यो सोको अनुगमन प्रतिवेदन पेश तथा प्रगति समिक्षा गरेको देखिएन । यस वर्ष पशु विकास कार्यक्रम तर्फ पशुपालक कृषकहरुलाई घांसको विउ, साढे वितरण लगायतका पशुपन्क्षीहरु निशुल्क वितरण, गाई, बाख्राको औषधि वितरण लगायतका कार्यक्रमहरु सञ्चालन भएको देखिएकोमा वास्तविक र अनुदान पाउन योग्य किसानहरुले नै पायो भन्ने एकिन गर्न सकिएन । तसर्थ यि विषयहरुमा सुधार हुनुपर्दछ । अनुदान वितरण बाट ति कृषकको जिवनस्तरमा कस्तो सुधार आयो, गत वर्ष र आगामी आर्थिक वर्षमा एउटै लाभग्राही दाहोरीने सम्भावनालाई मध्यनजर गर्दै अनुदान पाउने लाभग्राहीहरुको अभिलेख राख्नुपर्ने देखिन्छ । वर्ष भर भएका कार्यक्रमहरुको प्रगतिबारे समिक्षा हुनुपर्दछ ।</td>
<td></td>
</tr>
</table>

अनुसूची - १

बारागुङ गाउँपालिकाको
स्थानीय तह सञ्चित कोष विवरण
२०७५।७६

प्रदेश नम्बर :- गण्डकी प्रदेश

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ २+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५+९)
१.	**बारागुङ गाउँपालिका**	**मुस्ताङ**	२५८२२१	७२४४१	८७२२६	२६७५२	१८६४१९	१३५९६	८१३१९	३०७४२७	४०२३४२	४२२९८

अनुसूची- २

बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७५/७६

प्रदेश नम्बर :- गण्डकी प्रदेश

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाकी बेरुजू			वाकी बेरुजू								
			दफा स)ख्या		रकम	दफा स)ख्या		रकम	दफा स)ख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१.	बारागुड गाउँपालिका	**मुस्ताङ**	३४	८	७८०१	०	१	१६००	३४	७	६२०१	१९६	२१०५	०	०	०	२१०५	०	३९००	३९००

अनुसूची- ३

अद्यावधिक बेरुजू स्थिती
२०७५।७६

प्रदेश नम्बर :- गण्डकी प्रदेश (रु.हजारमा)

क्र.स.	**स्थानीय तह**	**जिल्ला**	गत वर्षसम्मको बाँकी	यो वर्ष फछ्र्यौट	बाँकी	यो वर्ष सम्परीक्षणबाट कायम	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजु
			१	२	३ (१-२)	४	५	६ (३+४+५)
१	बारागुङ गाउँपालिका	मुस्ताङ	४५२७	५५०	३९७७	०	६२०१	१०१७८